# कोशी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

बद्रीपुल, सुनसरी
कोशी प्रदेश, नेपाल

प.सं. २०८२।०८३ मिति:२०८२।१०।२२
च.नं. ६६०१क

श्री सामुदायिक विद्यालय सबै,
कोशी गाउँपालिका, सुनसरी ।

विषय: अनुदान रकम / कार्यक्रम माग गर्ने सम्बन्धी सूचना।

प्रस्तुत विषयमा आ.व. २०८२/८३ मा यस गाउँपालिका मार्फत सामुदायिक विद्यालयलाई प्रदान गरीने तपसिलमा उल्लेख भएका शीर्षकका अनुदानहरु प्राप्त गर्नका लागि तपसिलमा उल्लिखित न्यूनतम आधार पुरा गरी एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली (**IEMIs**) मा समेत सबै माग प्रविष्टि गरी विद्यालय व्यवस्थापन समितिको निर्णय र **IEMIS** वाट प्राप्त **School Report Card** समेत संलग्न राखी मिति २०८२ फागुन १० भित्रमा यस कार्यालयमा निवेदन दिनुहुन अनुरोध छ। अनुदान रकम माग गर्दा अनुदान शीर्षक, दर र विद्यार्थी संख्या उल्लेख गरी शीर्षकगत र कुल जम्मा अनुदान रकम स्पष्ट खुलाउनु पर्नेछ। अनुदान रकम माग गर्न एकीकृत सूचना व्यवस्थापन प्रणाली (**IEMIS**) मा भएको **School Profile** लगायतका **Tab** मा भएका सबै विवरण सही ढंगले अनिवार्य भरेको हुनुपर्नेछ। तोकिएको समयभित्र रीतपूर्वक अनुदान माग नगर्ने विद्यालयलाई अनुदान निकासा गरिने छैन।

तपसिल:

| क्र.स. | कार्यक्रम शीर्षक | अनुदान रकम रु. | अनुदान माग गर्ने न्यूनतम आधार |
|---|---|---|---|
| १ | प्रति विद्यार्थी इकाइ लागतका आधारमा सिकाइ सामग्री तथा डिजिटल सिकाइ सामग्री व्यवस्थाका लागि विद्यालयलाई अनुदान | प्रति विद्यार्थी/ वार्षिक | |
| १.१ | प्रति विद्यार्थी इकाइ लागतका आधारमा प्रारम्भिक बाल विकास/पूर्व प्रा. कक्षाका लागि अनुदान | ५००/- | विद्यालयले अनिवार्य रुपमा प्रारम्भिक बालविकासका |

बाबुराम कार्की
अधिकृत आठौं

२०८२/१०/२२
सुर प्रसाद दंगाल
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

# कोशी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
बर्दीपुल, सुनसरी
कोशी प्रदेश, नेपाल

| क्र.स. | कार्यक्रम शीर्षक | अनुदान रकम रु. | अनुदान माग गर्ने न्यूनतम आधार |
|---|---|---|---|
| १.२ | सिकाइका लागि निरन्तर विद्यार्थी मूल्याङ्कन, आवश्यक सामग्री तथा सुधारात्मक शिक्षण अनुदान (कक्षा १ मा नयाँ भर्ना भएका विद्यार्थीको पोर्टफोलियो समेतका लागि) | १००/- | विद्यार्थीका लागि आवश्यक शैक्षिक सामग्रीको व्यवस्था तथा बालमैत्री कक्षाकोठा व्यवस्था साथै अन्य कक्षाका विद्यार्थीका लागि पोर्टफोलियो व्यवस्थापन,निरन्तर विद्यार्थी मूल्याङ्कन अभिलेखीकरण र आन्तरिक मूल्याङ्कन अभिलेखीकरण फारम अनिवार्य व्यवस्थापन गरी कार्यान्वयन गरेको हुनुपर्नेछ । |
| १.३ | शिक्षण सिकाइ सामग्री, डिजिटल सिकाइ सामग्री तथा बुक कर्नर व्यवस्थापन अनुदान-कक्षा १-५ | १५०/- | |
| १.४ | शिक्षण सिकाइ सामग्री तथा डिजिटल सिकाइ सामग्री व्यवस्थापन अनुदान- कक्षा ६-१० | २००/- | |
| १.५ | शिक्षण सिकाइ सामग्री तथा डिजिटल सिकाइ सामग्री व्यवस्थापन अनुदान – कक्षा ११-१२ | २५०/- | |
| १.६. | शिक्षण सिकाइ सामग्री तथा Lab Assistant, Equipment and Practical meterial, OJT, Operation cost (Digital Materials समेत) व्यवस्थापन अनुदान- कक्षा ९-१२ | प्राविधिक धार तर्फका लागि १५०००/- | यस शीर्षकमा गत आ.व.प्राप्त गरेको अनुदान रकमको खर्च विवरणको प्रमाणित प्रति पेश गरेको हुनुपर्नेछ । |
| २ | सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागि छात्रवृत्ति | प्रति विद्यार्थी / वार्षिक | |
| २.१ | अपाङ्गता छात्रवृत्ति – कक्षा १-१२ | | IEMIS मा अपाङ्गता सम्वन्धी विवरण अध्यावधिक गरेको हुनुपर्नेछ । |
| २.१.१ | सहयोगी सेवा छात्रवृत्ति (विद्यालय आउन/जान र विद्यालयमा निरन्तर अरुको सहयोग र साधन चाहिने विद्यार्थीका लागि) | ५०००/- | छात्रवृत्ति पाउने विद्यार्थीको नाम, कक्षा, अभिभावकको नाम सहितको एकीकृत विवरण तयार |

बाबुराम कार्की

सुर प्रसाद दंगाल
प्रमुख प्रशासकीय अधिकृत

# कोशी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
बेदीपुल, सुनसरी
कोशी प्रदेश, नेपाल

| क्र.स. | कार्यक्रम शीर्षक | अनुदान रकम रु. | अनुदान माग गर्ने न्यूनतम आधार |
|---|---|---|---|
| २.१.२ | यातायात सेवा छात्रवृत्ति (विद्यालय आउन यातायातको साधन वा अन्य उपकरण चाहिने विद्यार्थीका लागि) | ३०००/- | गरी अपांगता परिचय पत्र अनिवार्य पेश गरेको हुनुपर्नेछ। |
| २.१.३ | शैक्षिक सामग्री छात्रवृत्ति (अन्यका लागि) | १,०००-/ | |
| २.२ | छात्रा छात्रवृत्ति - कक्षा १-५ | ४००/- | IEMIS मा छात्रा र जातजाती सम्वन्धी विवरण अध्यावधिक गरी विवरण पेश गरेको हुनुपर्नेछ ।(कुनैपनि छात्रवृत्ति दोहोरो नपर्ने गरी माग गर्नुपर्ने) |
| २.३ | दलित छात्रवृत्ति - कक्षा १-५ | ४००/- | |
| २.४ | आधारभूत तह कक्षा (१-५) मा अध्ययनरत लक्षित समूह विद्यार्थीका लागि छात्रवृत्ति - सीमान्तकृत समूहका विद्यार्थीका लागि | ५००/- | छात्रवृत्ति पाउने विद्यार्थीहरुको नाम ,कक्षा, अभिभावकको नाम र ठेगाना सहितको एकीकृत विवरण IEMIS वाट निकाली पेश गरेको हुनुपर्नेछ । |
| ३. | निशुल्क पाठ्यपुस्तक अनुदान (कक्षा ११-१२ को अनिवार्य विषयहरुको लागि मात्र) | पाठ्यक्रम विकास केन्द्रवाट स्वीकृत मुल्य अनुसार | कक्षा ११ र १२ मा अध्ययनरत विद्यार्थी EMIS मा अपडेट गरेको, पाठ्यपुस्तक खरिदको विल, वितरण गरेको भर्पाइ समेत संलग्न गरी आवश्यक रकम माग गर्नुपर्ने । |

बाबुराम कार्की
अधिकृत आठौं

२०८२/१०/२२
...सुर प्रसाद दंगाल
प्रमुख प्रशासकीय अधिकृत

# कोशी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
बेंद्रीपुर, सुनसरी
कोशी प्रदेश, नेपाल

| क.स. | कार्यक्रम शीर्षक | अनुदान रकम रु. | अनुदान माग गर्ने न्यूनतम आधार |
|---|---|---|---|
| ४. | विपन्न लक्षित छात्रवृत्तिका लागि छनौट भएका (कक्षा ६-१२) विद्यार्थीका लागि छात्रवृत्ति (गत वर्ष देखि छात्रवृत्ति पाउन थालेका विद्यार्थीका लागि मात्र- यस वर्ष फारम भरेकाहरुको लागि नतिजा प्रकाशन भएपछि सूचना हुने) | | विपन्न लक्षित छात्रवृत्ति व्यवस्थापन मापदण्ड २०८० बमोजिम आवेदन फारम भरी यस अघि नै छात्रवृत्तिका लागि छनौट भएका विद्यार्थीका लागि सोही मापदण्डमा उल्लेख भए बमोजिम EMIS मा विवरण UPdate गरी नाम नामेसी सहित विवरण माग गर्ने। |
| ५. | प्राविधिक विषय अध्यापन हुने विद्यालयलाई ल्याव सामग्री सहयोग अनुदान (प्राविधिक धार अन्तर्गतको विद्यालयको लागि) | २०००००/- | नियमानुसारले ल्याव सञ्चालन र नियमित प्रयोग भई थप सामग्री आवश्यक रहेको हुनुपर्ने । |
| ६. | विद्यालयमा भर्चुअल शिक्षण, ईलर्निङ, पुस्तकालय र विज्ञान प्रयोगशालाका लागि सामग्री तथा उपकरण व्यवस्थापन अनुदान (मा.वि. लाई प्राथमिकता) | १०००००० /- (संख्या-१) | यस किसिमको अनुदान नपाएका विद्यालयहरुले कार्यक्रमको प्रस्तावना सहित बजेट माग गरेको हुनुपर्ने। |

बाबुराम कार्की
अधिकृत आठौं

२०८२/१०/२२

........................
सुर प्रसाद दंगाल
प्रमुख प्रशासकीय अधिकृत

सुर प्रसाद दंगाल
प्रमुख प्रशासकीय अधिकृत

CamScanner